# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा

कोशी प्रदेश, नेपाल

प.सं.: ०८०/०८१

च.नं.: २४२२

मितिः २०८१/०२/२५

विषयः स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
बाह्रदशी गाउँपालिकाझापा ,

प्रस्तुत सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम पारुप २०७६ मा कक्षा १-३ मा ५ पाठ्यघण्टा १६० वार्षिक कार्यघण्टाको स्थानीय विषय र कक्षा ४-८ मा ४ पाठ्यघण्टा १२८ वार्षिक कार्यघण्टाको स्थानीय विषय शिक्षण गर्नु पर्ने कुरा सर्वविदितै छ ।यसै कुरालाई ध्यानमा राखि यस बाह्रदशी गाउँपालिकाले आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र वजेटमा स्थानीय पाठ्यक्रम निर्माण गरि लागू गर्ने योजना मुताविक "हाम्रो बाह्रदशी" स्थानीय पाठ्यक्रम- २०८०/०८१ निर्माण सम्पन्न भई मिति २०८१ साल जेठ २२ गतेको गाउँ कार्यपालिकाको निर्णयवाट स्वीकृत गरिएको र स्वीकृत पाठ्यक्रम पालिकाको वेभसाइटमा समेत प्रकाशन गरिएको छ । शैक्षिक सत्र २०८१ देखि उक्त पाठ्यक्रम सबै विद्यालयले अनिवार्य कार्यान्वयन गर्नु हुन अनुरोध छ । पाठ्यपुस्तक निर्माण नभएसम्म स्थानीय विषय शिक्षण गर्ने शिक्षकले पाठ्यक्रमले निर्धारण गरेका सक्षमता र सिकाइ उपलब्धि हाँसिल हुने गरी दैनिक पाठयोजना तयार गरि शिक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ । कक्षा १-३ मा विद्यार्थीको उपलब्धिस्तर र त्यसको मापनको आधारमा तथा कक्षा ४-८ सम्म ५० % आन्तरिक मूल्याङ्कन र ५०% वाह्य मूल्याङ्कन हुनेछ । आगामी आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा Local Subject को स्थानमा " हाम्रो बाह्रदशी " नामको विषय रहने व्यहोरा अनुरोध छ ।

२०८१/२/२७

.........................

जनार्दन निरौला

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner